मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा-१ को बालसमूहमा गुञ्जन

हेटौंडा २३ चैत/हेटौंडा उपमहानगरपालिका वडा नं १ मा बालसमूह गठन भएको छ । हेटौंडा-१ मा रहेको विन्दवासिनी टोल विकास संस्था र एकता टोल विकास संस्थाको संरक्षणमा बालसमूह गठन भएको हो । एकता टोल विकास संस्थाकी अध्यक्ष बेगम बरालको अध्यक्षतामा भेला भएको थियो । कार्यक्रममा हेटौंडा-१ कि वडासदस्य ईश्वरी र साइलीले बालबालिकाको हकहितको लागि बालबालिकाले पाउने अधिकारबाट बञ्चित गर्न नहुने बताइन् । बालबालिकाले बालबचाउ, बालसंरक्षण बालबालिकाको विकास र बालसहभागितालाई अर्थपूर्ण रुपमा लिन सक्नुपर्छ भन्ने विचार प्रस्तुत गरेकी थिइन् ।

बिहीबार भएको बालसमूहमा नयाँ कार्यसमिति चयन भएको छ । जसमा अध्यक्ष गुञ्जन राउत, उपाध्यक्ष इसान राई, सचिव प्रसन्न केसी, कोषाध्यक्ष विपासना केसी, सहसचिव प्रत्यूषा न्यौपाने, सदस्यहरु शीतल संजेल, इशिका वाइवा, युगल वाइवा, दिप्शन केसी आदि रहेका छन् । कार्यक्रममा विन्दवासिनी टोल विकासकी अध्यक्ष गीता लामा, शान्ति कार्की, विना शाक्यलगायत स्थानीयको सहभागिता रहेको थियो।

# रिद्धिसिद्धि सिमेन्टका कारण चेपाङ परिवारको बिल्लीबाठ

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/जिल्लाको विकट राक्सिराङ गाउँपालिकामा रहेको रिद्धिसिद्धि सिमेन्टको खानी क्षेत्रका कारण चेपाङ समुदायको ९ परिवारको बिल्लीबाठ भएको छ ।

राक्सिराङ-४ गिङगुङ बस्तीमा रहेको रिद्धिसिद्ध सिमेन्ट उद्योगको खानीकोका कारण त्यस स्थानमा बसोबास गर्दै आएका चेपाङ समुदाय समस्यामा परेका छन् । खानी क्षेत्र वरपर ९ घर रहेका छन् । खानी क्षेत्रको तलतिर र वरपर रहेका चेपाङ परिवार कतिबेला ओभरवटनसहित ढुंगा र लेदो माटो बग्छ भन्ने चिन्ताले पिरोलिएका छन् । नेपाल चेपाङ संघको समन्वयमा बिहीबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै पीडित परिवारले घर छोडेर बसौं की नबसौं भन्ने चिन्ताले दिनरात सताउने गरेको गुनासो गरेका छन् ।




चेपाङ परिवारले घर, जग्गा खरिद गर्न उद्योगलाई आग्रह गर्दा पनि ६ वर्ष अघिकै भाउमा जग्गा बिक्री गर्न दबाब दिएको बताएका छन् । नेपाल चेपाङ संघ, राक्सिराङ-४ नम्बर वडाका अध्यक्ष जितन चेपाङले खानीको धुवाँ, धुलो र वर्खामा पहिरोको त्रासमा रहनु परेको बताए । उनले उद्योगले खानी सञ्चालन गर्नुअघि २०७४ मा बस्तीको ७५ प्रतिशत जग्गा खरिद गरेर बाँकी जमिन पनि खरिद गर्ने सहमतिमा खानी सञ्चालन गरेको र बाँकी जग्गा खरिद नगरी ९ परिवारको बिल्लीबाठ गराउन खोजेको चेपाङले दे:खेसो पोखेका छन् ।

९ परिवारको करिब १ सय ३ रोपनी जग्गा हालको चलनचल्तीमा खरिद गर्नुपर्नेमा ६ वर्षअघिको भाउ दिएर बिक्री गर्न दबाब दिएको र बिक्री नगरे खानी सञ्चालन गरिरहने रणनीति उद्योगले लिएको पीडितले बताएका छन् ।

उद्योगले ६ वर्ष अघिकै मूल्य अर्थात प्रतिरोपनी १ लाख ४० हजार मूल्यमा खरिद गर्ने सोही मूल्यमा नदिए खानीले खन्दै जाने र बस्तीको बारी नै पुर्दै जाने चेतावनी दिएको चेपाङ संघ बागमती प्रदेश अध्यक्ष खुशीलाल चेपाङले जानकारी दिएका छन् । पीडित परिवारले खानी क्षेत्रको विषयमा जिल्ला अदालतबाट करिब २ वर्षअघि नै आदेश आइसकेको भन्दै उद्योगले कार्यान्वयन नगरेको खुशीलाल बताउँछन् ।

खानीको कारण आएको समस्याको विषयमा जिल्ला प्रशासन कार्यालय मकवानपुर र राक्सिराङ गाउँपालिकाको ध्यानाकर्षण गराए पनि कुनै सुनवाई नभएको उनीहरुको भनाई छ । खानी क्षेत्रमा रहेका ९ घर परिवारलाई ६ वर्षअघिको मूल्य दिन स्थानीय बिचौलियाहरुसमेत प्रयोग भएको खुशीलालले बताएका छन् । खानी पीडित दिलबहादुर चेपाङले हिउँदमा धुवाँ र दुलो र बर्खामा पहिरोको त्रासमा रहनु परेको बताए । १८ रोपनी जग्गा रहेको दिलबहादुरले लेदो मिसिएको पानी खानुपरेको गुनासो गरे । उनले खानी क्षेत्रबाट ढुंगा घरमाथि आउने गरेको बताए । खानी प्रभावित सानुमाया प्रजाले पनि दिउँसो बस्तीमै हिँड्दा पनि माथिबाट खानीको ढुंगा खसेर ज्यान लिने होकि भन्ने त्रासमा बस्नु परेको सुनाइन् ।

गाईबस्तु चराउन पनि नसकेको उनको भनाई छ । घरको दुवैतर्फ खोल्सा रहेको भन्दै भाग्न पनि नसक्ने अवस्थामा रहेको सानुमायाले सुनाइन् । खुशीलालले खानीको ज्यादतीविरुद्ध शुक्रबारबाट चेपाङ संघले संघर्षका कार्यक्रम गर्ने बताए । उनले शुक्रबारदेखि खानीको सम्पूर्ण काम बन्द गराउने, उत्खनन निकासी, ढुवानी बन्द गराइने जानकारी दिए । उद्योगले जर्वजस्ती खानी सञ्चाल गर्न खोजेमा जिम्मेवार र जवाफदेही उद्योग पक्ष नै हुनुपर्ने उनको चेतावनी छ । प्रजाले उद्योगबाट चलनचल्तीको मूल्यमा जग्गा खरिद गर्नुपर्ने वा उचित स्थानमा स्थानान्तरण गर्नुपर्नेमा जोड दिए ।

राक्सिराङ गाउँपालिका भित्र लोपन्मुख सीमान्तकृत चेपाङ समुदायको बाक्लो बसोबास छ । खडेरी लाग्दा यहाँका चेपाङ कन्दमुल खाएर गाँस टार्छन् । वर्षातको समयमा पानी चुहिने टहरोमा बस्नु, चिसोमा धोक्रा र बोरा ओडेर रात काट्नु, रातभर आगो अगाडि रुमल्लिएर ज्यान तातो बनाउनुको विकल्प राक्सिराङका धेरै चेपाङसँग छैन । केही वर्षअघिसम्म राक्सिराङ-४ स्थित गिङगुङ क्षेत्रका चेपाङको दैनिकी दु:खसु:ख चलिरहेकै थियो । हेटौंडामा रिद्धिसिद्धि सिमेन्ट उद्योग खुल्यो । उद्योगले राक्सिराङ-४ स्थित गिङगुङ क्षेत्रमा चुनढुंगा उत्खनन् गर्न थाल्यो । रिद्धिसिद्धिले चेपाङको बसोबास रहेकै क्षेत्रमा चुनढुंगा उत्खनन् सुरु गरेपछि भने उनीहरु समस्यामा परेका थिए ।

चुनढुंगा उत्खननको क्रममा स्थानीयको घर नै पुरिन थालेको भन्दै उनीहरुले विगतदेखि नै पुनर्बासको माग गर्दै आएका हुन् । यसअघि मानवअधिकार आयोगले गरेको अध्ययनबाट धेरै चेपाङ परिवार खानी क्षेत्रबाट विस्तापित हुनुपरेको देखिएको थियो ।

गिङगुङ क्षेत्रमा आयोगले लामो समयदेखि अध्ययन गरेको हो । जहाँ, चेपाङको माग सम्बोधनमा सरकारी निकाय र उद्योग पक्षले चासो नदिँदा करिब ३५ घरधुरी बस्न नसकेर थातथलो छोडेर हिँड्नु परेको आयोगले जानकारी दिएको थियो । विगतमा मानव अधिकार आयोगको केन्द्रीय र बागमती प्रदेश कार्यालयले राक्सिराङको खानी क्षेत्रको आर्थिक सामाजिक, पारिवारिक अवस्था र खानी क्षेत्रले पारेको असरबारे अध्ययन गरेका थिए ।

मानवअधिकार आयोगको अध्ययनले गाउँमा विचौलिया सक्रिय भएपछि चेपाङहरुको बिल्लीबाठ भएको देखाएको थियो । उद्योगले विगतदेखि नै विचौलियासँग हिमचिम गरेर काम गर्दै आएको आरोप लग्दै आएको छ । विगतमा विचौलियाले ४० हजारमा खरिद गरेको जग्गा उद्योगलाई १ लाखभन्दा बढी मूल्यमा बेचेको जनाइएको थियो ।

# थाहा र इन्द्रसरोबर जोड्ने सडक कालोपत्रे गरिँदै



साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका र इन्द्रसरोबर गाउँपालिका जोड्ने महत्वपूर्ण सडक कालोपत्रे गरिने भएको छ ।

पर्यटकीय क्षेत्र थाहा नगरपालिकादेखि इन्द्रसरोबर गाउँपालिकाको कुलेखानी ड्यामस्थित कलंकीसम्म कालोपत्रे हुने भएको हो । थाहाको कुन्छाल-बज्रवाराहीदेखि मार्खु र कलंकीसम्मको सडक करिब ५० वर्ष अगाडि नै निर्माण भएको थियो । कुलेखानी जलविद्युत् आयोजनाको जलाशय करिडोरमा निर्माण भएको सडकबाटै थाहा र इन्द्रसरोबर आवतजावत हुने गर्दछ । जुन सडक वर्षौंदेखि कच्ची थियो । सडक स्तरीकरण नहुँदा कुलेखानी जलाशय घुम्न आएका पर्यटकहरु थाहा नगरपालिकासम्म र थाहा आएका पर्यटक कुलेखानीसम्म पुग्न झन्झट मान्ने गर्दथे ।

कुन्छाल-बज्रवाराही-मार्खु-कलंकी सडक कुलेखानी जलविद्युत् आयोजनाको जलाशय निर्माणसहित आयोजनाका लागि उपकरण लैजाने क्रममा ५० वर्ष अघि नै ट्र्याक खोलिएको थियो । अब कुन्छाल-बज्रबाराही-मार्खु-कलंकी सडकअन्तर्गत् विसिङ्खेल खोला-मार्खु-कलंकी सडक खण्डको स्तरोन्नतिसहित कालोपत्रे गरिने भएको हो । कलंकीबाट मार्खु हुँदै विसिङ्खेल खोलासम्मको सडकखण्ड स्तरोन्नतीसहित कालोपत्रे गर्न बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७९/८० मा करिब ५० करोड रुपैयाँ बजेट बिनियोजन गरेको छ । बजेट सुनिश्चित भएपछि बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयले भरतपुरमार्फत् कलंकी-मार्खु-सिम्लाङ-विसिङ्खेल खोला पयर्टन मार्ग नामकरण गर्दै सडक स्तरोन्नतीका लागि बोलपत्र आह्वान गरेको छ ।

त्रिभुवन राजपथअन्तर्गत् थाहा नगरपालिकाको कुन्छालबाट बज्रबाराही, विसिङ्खेल हुँदै इन्द्रसरोवर गाउँपालिकाको मार्खु-कलंकी जोड्ने २१ किलोमिटर लम्बाइको सडक कुन्छालबाट बज्रबाराहीसम्म करिब ६ किमि सडक यसअघि नै कालोपत्रे भए पनि जीर्ण भइसकेको छ । गत आवमा विसिङ्खेल खोलादेखि मार्खु-कलंकीसम्म करिब ३६ लाख रुपैयाँको लागतमा ग्राभेल गर्नेलगायत मर्मतको काम भएको थियो । चालु आवमा विनियोजन भएको बजेटबाट झन्डै ९ किमि सडकखण्डमा कालोपत्रे (अस्फाल्ट कङ्क्रिट) गरिने पूर्वाधार विकास कार्यालय भरतपुरले जनाएको छ । पूर्वाधार विकास कार्यालयका प्रमुख वीरेन्द्रकुमार चौधरीले सडक स्तरोन्नतिका लागि बोलपत्र आह्वान भएको र चालू आवमा निर्माण सम्झौता गरी काम सुरु हुने र सडक साढे पाँच मिटर चौडा बनाएर कालोपत्रे गरिने जानकारी दिए ।

उनले सडक खण्डमा पाइप र स्ल्याबका गरी ३ सय ५१ वटा साना ठूला कल्भर्ट निर्माणसँगै ढल निर्माण गर्ने योजना रहेको बताए । कलंकी-मार्खु-विसिङ्खेल खोला सडकखण्ड स्तरोन्नती भएपछि छोटो दूरीको हेटौंडाबाट चित्लाङ हुँदै काठमाडौंसम्मको यात्राका लागि सहज हुनेछ । सडक स्तरोन्नतिका लागि बजेट विनियोजन गर्न संघ र प्रदेश सरकारमा पुग्दा विस्तृत परियोजना प्रस्ताव (डीपीआर) माग भएपछि वडा कार्यालयमार्फत् पालिकाकै खर्चमा गत आर्थिक वर्षमा डीपीआर बनाएर इन्द्रसरोबर वडा नम्बर १ का निवर्तमान वडाध्यक्ष जमानसिं लामाको अगुवाइमा प्रस्ताव पेस गरेपछि सडकको स्तरोन्नतिले सार्थकता पाएको हो ।

निवर्तमान वडाध्यक्ष लामाले पालिकाको बजेटले सडक स्तरोन्नतीको काम असम्भव हुने भएपछि बजेटका लागि प्रदेश र संघीय सरकारसँग पटक-पटक आग्रह गरेको तर, अन्त्यमा डीपीआर बनाउन भनेपछि एक महिनामा डीपीआर बनाएर पेस गरेपछि चालु आर्थिक वर्षमा बजेट विनियोजन सम्भवभएको जानकारी दिए ।

'स्थानीय बासिन्दाको दशकौंदेखिको सपना पूरा भएको छ, सडक स्तरोन्नति भएपछि आवागमन र स्थानीय उत्पादन बजार पुर्‍याउन सहज हुनेछ', उनले भने । सडक स्तरोन्नतिले पर्यटन प्रवर्द्धनसँगै पर्यटनमार्फत् यहाँको आर्थिक जीवनस्तरमा समेत परिवर्तन ल्याउन सहयोग पुग्ने उनको विश्वास छ ।

Education is the real treasure

## We are hiring...

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competence to work with young students in its various departments for the following positions:

1. Vice-Principal
2. Coordinators
   *Secondary Level, Basic Level and Pre-primary Level*
3. Secondary & Basic Level Faculty
   *Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, 'Health, Physical & Creative Arts'*
4. Secretary to CEO
5. School Counselor
6. ECA/CCA Instructor
   *Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing, English Phonics, Nepali Phonics*
7. Officers
   *HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,*
8. Assistants: *Admin & Finance, Computer Lab, Computer Operator, Front Desk*
9. Discipline Staffs
10. Drivers, Security Guards, Cook, Helpers, Gardener

**For further details, please visit www.hetaudaacademy.edu.np/vacancy**

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 10. Smart candidates without work experience are also encouraged to apply.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at hr@hetaudaacademy.edu.np with 2 references and expected salary not later than 9 April 2023.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

## घर जग्गा भाडामा

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरुमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
(नोटः भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-
९८४५२६९७१३/९८४५०२०९५१
९८५५०३०९५१ (whatsapp)

## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

**गोपाल थापा, हेटौंडा बसपार्क**
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# आयातमूखी नीति

कोभिड-१९ का कारण भएको बिश्वब्यापी लकडाउन, आर्थिक मन्दी, कच्चापदार्थको मूल्यबृद्धि आदि कारण नेपालका औद्योगिक प्रतिष्ठानमा ठूलो प्रभाव परेको छ । क्षेत्रफलका हिसाबले देशकै ठूलो मानिने हेटौंडा औद्योगिक क्षेत्रमा हाल सञ्चालनमा रहेका उद्योगको उत्पादन क्षमतामा क्षमतामा ५० प्रतिशत ह्रास आएको छ । हेटौंडा औद्योगिक क्षेत्रमा हाल १ सयको हाराहारीमा उद्योग सञ्चालनमा छन् । जसमध्ये अधिकांश उद्योगको उत्पादन क्षमता ४० प्रतिशतमा सीमित भएको छ । बहुराष्ट्रिय कम्पनीको उत्पादन पनि घटेको छ । पछिल्लो एकवर्षको अन्तरालमै बैंक ब्याजदर दोब्बर वृद्धि हुँदा उद्योगहरु धराशायी बन्न पुगेको छ ।

औद्योगिक क्षेत्रभित्र १ सय ३३ वटा उद्योगले सम्झौता गरेका छन् । जसमा २० वटा उद्योग पूर्णरुपमा बन्द भइसकेका छन् । बाँकी १ सय १३ वटा उद्योगमा पनि २० वटा निर्माणाधीन अवस्थामा रहेको र केहीले हाल उत्पादन बन्द गरेका छन् । पूर्णरुपमा बन्द उद्योग र निर्माणाधीन अवस्था बाहेक ९३ उद्योग घिटिघिटी अवस्थामा सञ्चालनमा छन् । कोरोना महामारीमा समस्या परेका उद्योगहरु हाल आर्थिक मन्दीले धराशायी बन्दै गइरहेका हुन् । कोरोना कालमा पनि उद्योगको उत्पादन क्षमता हालको जस्तै अवस्थामा थियो । बर्सेनी करोडौंको सामान निर्यात गर्दै आएका उद्योगले निर्यात ब्यापार गर्न सकेका छैनन् । उद्योगले धेरै कर्मचारी कटौती गरिरहेका छन् । हेटौंडा औद्योगिक क्षेत्रको निर्यात व्यापारमा झण्डै ८५ प्रतिशतले गिरावट आएको छ । एक दशकअघि ऋसरजन्य उत्पादन, जडिबुटी, अदुवा, लसुन, साबुन, सर्फ, विदेशमा निर्यात हुने गरेकोमा सरकारी नीतिकै कारण सबै व्यापार ठप्प हुन पुगेको उद्योगीहरु बताउँछन् । बिगतमा निर्यात ब्यापार गर्दै आएका औद्योगिक प्रतिष्ठानले अहिले भारतीय उत्पादन ल्याएर मार्केटिङ गरिरहेका छन् । नेपालमा उत्पादन गर्ने वातावरण छैन । नेपालमा राजनीतिक अस्थिरताका कारण लगानीमैत्री वातावरण नभएको भन्दै लगानीकर्ता बाहिरएका छन् । सरकारको नीति पनि युवालाई बैदेशिक रोजगारीमा पठाएर देशमा जेष्ठनागरिक र बालबालिकामात्र राख्ने खालको छ । सत्ताका लागि मरिमेट्ने भन्दा बाहेक कुनै उन्नति हुन सकेको छैन ।

मुलुकमा भित्रिएको रेमिट्यान्सले बिदेशबाट नुन, मसला, तरकारी, खद्यान्न, लत्ताकपडा, प्रविधि सबै किन्ने मानशिकताको विकास भएको छ । पाखो बारीमा कमै छर्ने भन्दा पनि रेमिट्यान्सको पैसाले पपकर्न किन्ने संस्कृतिको विकास भएकै कारण हाम्रो औद्योगिक प्रतिष्ठान बन्द भएपनि सरकारलाई खासै चासो हुनेवाला छैन । हाम्रो भान्सामा नेपाली चामल भन्दा दिल्लीगेट मन्सुली, लालकिल्ला मन्सुलीले भरिएको छ । विकासले फड्को मारेको संकेत पनि हो यो । तर, ब्यापार घाटाको ग्राफले नेपालको भबिश्य अन्धकार बन्दै गएको देखाउँछ । भारतले नाकाबन्दी गरेको खण्डमा हामी भोकै मर्नुपर्ने अवस्था नआउला भन्न सकिन्न ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत २५ गते शनिबार ८ अप्रिल २०२३ । द्वितीया, वैशाख कृष्णपक्ष । चौलागा ११४३ ने.सं. । सूर्योदय ५:४९, सूर्यास्त ६:२४।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्य बिग्रन सक्ने | तुला | : निर्माण कार्यमा प्रगति |
| वृष | : रमाइलोगरि समय बित्ने | वृश्चिक | : सामाजिक काममा सफलता |
| मिथुन | : राजनीतिमा प्रगति हुने | धनु | : सन्तानबाट खुशी मिल्ने |
| कर्कट | : शारीरिक परिश्रम गर्नुपर्ने | मकर | : व्यापारमा केही हानि हुने |
| सिंह | : पढाइमा प्रगति हुने | कुम्भ | : शत्रु पराजित हुने |
| कन्या | : विश्वासमा संकट आउने | मीन | : मानसम्मान बढ्ने |

# यसरी मात्र सफल हुन्छ पहिचानको आन्दोलन



**राजेन्द्र किराती**

नामाङ्कनको विषयलाई लिएर १ नम्बर प्रदेश उद्वेलित भएको छ । सभ्यताको आधारमा नाम राख्नु पर्नेमा प्रदेशसभाले एकाएक भौगोलिक आधारमा कोशी नाम राखेपछि १ नम्बर प्रदेशका बहुसंख्यक नागरिक आन्दोलनमा उत्रिएका हुन् । यसै सिलसिलामा चैत ५ गते विराटनगरमा विशाल विरोध प्रदर्शनसमेत भएको छ । यसले पहिचान विरोधीहरूलाई झस्काएको छ । यसमा उत्पीडित जातीय मोर्चा र संगठनहरु खुलेरै लागेका छन् । उनीहरूले कोशी नामलाई खारेज गरेर सभ्यतागत पहिचानको आधारमा यस प्रदेशको नाम किरात राख्नुपर्ने मागसहित आन्दोलनमा छन् ।

वस्तुत: नाम राख्ने दुइटा विधि छन् । एउटा प्रदेशसभामा दुई तिहाइ बहुमतको सहज गणितीय हिसाब-किताबबाट र अर्को जनसंघर्षबाट । अंकगणितीय कोणबाट नियाल्दा पहिलो विधिबाट नाम राख्ने सम्भावना समाप्त भइसकेको छ । दोस्रो विधिको भने कुनै समय सीमा वा पाबन्दी देखिँदैन । तर पहिलो विधिबाट नाम राख्न जति सजिलो थियो, दोस्रो विधिबाट त्यति सहज छैन । किनभने पहिलो विधि भनेको शान्तिपूर्ण तरिका हो । यसमा पहिचान पक्षधर सांसदहरूको दुई तिहाइ बहुमत भए पुग्छ । जनआन्दोलनको विधि भनेको गर्दै भन्दै जाँदा अशान्तिपूर्ण पनि हुन सक्छ । यस्तो विधिबाट नाम उल्टाउनको लागि अब निर्णायक आन्दोलनको खाँचो पर्दछ, जुन सजिलो छैन । तथापि निर्णायक आन्दोलनको लागि तपसिल बमोजिमका संघर्षको प्रक्रिया अपनाउनु जरुरी देखिन्छ ।

**राजनैतिक दृष्टिकोणीय कमाण्ड**

कुनै पनि आन्दोलनले लक्षित उद्देश्य हासिल गर्न निश्चित राजनैतिक विचार, सिद्धान्त र दृष्टिकोणको कमाण्ड जरुरी हुन्छ । राजनैतिक कमाण्ड विनाको आन्दोलन दुई दिनको रामछाँया र औपचारिकतामा सीमित हुने खतरा रहन्छ । अर्थात् निश्चित राजनैतिक दृष्टिकोणले दिशानिर्देश नगरेको आन्दोलन सामान्य उभार र चर्चा-परि चर्चामा मात्र सीमित हुन्छ तर निर्णायक विन्दुमा पुग्न सक्दैन । १ नम्बर प्रदेश अन्तरगत पहिचानको लागि जुन आन्दोलन भइरहेको छ, यसमा यो वा त्यो राजनैतिक दृष्टिकोणद्वारा निर्देशित आन्दोलन भन्ने वस्तुगत आधार पाइँदैन । सबैले अमुक पहिचान भन्दै दगुरेको देखिन्छ । यस्तो गोलमटोल र भजमने रवैयाले आन्दोलनलाई परिपक्व बनाउने, खार्ने र लक्षित गन्तव्यमा पुऱ्याउने वा सफल बनाउने सम्भावना असाध्यै कम रहन्छ ।

वास्तवमा आन्दोलनरत पक्षमा संघीयता के हो ? यस अन्तरगत पहिचान के हो ? यसको सैद्धान्तिक र व्यवहारिक कार्यान्वयन कुन राजनैतिक विचारबाट मात्र सम्भव हुन्छ वा प्राकृतिक हुन्छ ? संघीयता र पहिचानको उठान कसले र कहाँबाट आरम्भ भयो । यस्ता एजेण्डाहरुको सुरक्षा र संस्थागत विकासको लागि कस्तो राजनैतिक वातावरण आवश्यक हुन्छ ? यो किसिमको आधारभूत सैद्धान्तिक ज्ञान वा सुझबुझ आन्दोलनरत पक्षमा देखिँदैन । यसरी सैद्धान्तिक दृष्टिकोणमा स्पष्ट नभई गरिएको जुनकुनै पनि आन्दोलन सफल भएको विगतको इतिहास छैन । यो चाहेर पनि केही दिनको माहौल तताइ र मिडिया प्रचारबाजीमा मात्र सीमित हुन पुग्दछ । त्यसैले, पहिचानको आन्दोलनलाई सफल बनाउने हो भने राजनैतिक दृष्टिकोणीय दिशानिर्देश स्पष्ट गर्नु पर्दछ । सबैलाई दृष्टिकोणीय लगामभित्र संगठित गर्दै आन्दोलनमा गोलबन्द गर्नु पर्दछ ।

त्यस्तै, पहिचानलाई नेतृत्व प्रदान गर्ने वा स्थापित गर्ने राजनैतिक विचारद्वारा प्रशिक्षित गराउनु पर्दछ । राजनीति र पहिचान अन्तर सम्वन्धित आयाम हुन् भन्ने सत्यबोध गराउनु पर्दछ । तब मात्र पेचिलो, गम्भीर र कठिन अवस्थामा समेत आन्दोलन पलायन, शिथिल र विसर्जन हुँदैन ।

**राजनैतिक पार्टीहरूको आधारभूत सिद्धान्त**

पछिल्लो समय पहिचानको मुद्दालाई विचार र सिद्धान्त शून्य अमूर्त मुद्दा बनाउने दिग्भ्रमजन्य रणनीति हाबी भइरहेको छ । उल्टो-सुल्टो जताबाट व्याख्या विश्लेषण गरे पनि मिल्ने जस्तो बनाउन खोजिएको छ । पश्चगामी, यथास्थितिवादी र क्रान्तिकारी सबैको साझा मुद्दामा दर्ज गर्न खोजिँदै छ । यसले सबैमा भ्रम सृजना गरेको छ । यो हामी तमाम उत्पीडित वर्ग तथा जातिहरूको लागि दुर्भाग्यको कुरा हो । यही र णनीतिक गुरुमन्त्रको कारण जो कोही पनि कि त अमुक पहिचान भन्दै एकोहोरो दगुरिरहेका छन्, कि त पहिचान भन्ने बित्तिकै आकाशै खस्ला जस्तो गरेर विरोध गरिरहेका छन् । यस्ता दुवै अतिवादी भाष्यहरू संघीयता र पहिचानजस्ता गणतान्त्रिक नेपालको अग्रगामी एजेण्डा व्यवस्थापन गर्ने सही अस्त्र हुन सक्दैन ।

जनताका हरेक अग्रगामी मुद्दाको संस्थागत विकास गर्न सबै राजनैतिक पार्टीहरूको समान धारणा हुँदैन । वर्ग समाजमा यस्तो सम्भावना पनि रहँदैन । पश्चगामी र यथास्थितिवादी पार्टीहरू जनताका परिवर्तनकारी राजनैतिक एजेण्डासँग सहमत हुन सक्दैनन् । सहमत भएपनि त्यो केवल चुनावी भोट ब्ल्याकमेलिङ गर्ने रणनीतिक स्वार्थमा मात्र परिलक्षित हुन्छ । उनीहरू समाजलाई परम्परा र यथास्थितिको दुष्चक्रमा फनफनी घुम्न र घुमाउन चाहन्छन् । खास गरी अग्रगामी विचार बोकेको पार्टीले मात्र यस्ता मुद्दा सम्बोधन गर्ने हैसियत राख्दछ । न्यूनतम रूपमा यो वस्तुगत सच्चाई तपाईं हामी सबैले बुझ्न वा मर्मबोध गर्न अनिवार्य हुन्छ ।

यति न्यूनतम राजनैतिक सचेतनापछि मात्र हामीलाई कुन राजनैतिक पार्टी कुन कुन एजेण्डामा कति प्रतिबद्ध छ भन्ने प्रष्ट हुन्छ । को गलत र को सही खुट्याउने क्षमता पैदा हुन्छ । तब मात्र सबैखाले आन्दोलनको रणनीतिक खाका र भाका मिल्न पुग्दछ । उत्पीडित समुदायको विरुद्धमा वकालत गर्ने पार्टीलाई जनताबीच नङ्ग्याउनु पर्दछ । यता अज्ञानता, भ्रमवश वा भुलभुलैयामा पहिचान विरोधी पार्टीमा लागेका पहिचान पक्षधर साथीहरूको हकमा पनि कि त माउ पार्टीमा पहिचानको पक्षमा दबाबजन्य वकालत र बहस सिर्जना गराउन सक्नु पर्दछ, कि त पार्टी परित्याग गरेर एजेन्डाको राजनीतिमा समाहित हुने वस्तुगत धरातल बनाउनु पर्दछ ।

यसले सबै उत्पीडित वर्ग तथा जातिहरू पहिचानवादी पार्टीलाई समर्थन र सहयोग गर्दै आन्दोलनमा संगठित र गोलबन्द हुनुपर्ने मूल्यवोध गराउँदछ । तब मात्र आन्दोलन वा संघर्ष जस्तोसुकै परिस्थितिमा पनि अघि बढिरहने वस्तुगत अवस्था पैदा हुन्छ, जसले आन्दोलनलाई सफल बनाउँछ ।

**जातीय संगठन/मोर्चामा राजनैतिक स्पष्टताको खाँचो**

नेपालको अधिकांश जातीय मोर्चा वा संगठनहरु भावनात्मक रूपमा पहिचानको पक्षमा छन् भने राजनैतिक दृष्टिकोणीय रूपमा गैर पहिचानवादी पार्टीहरूको सैद्धान्तिक लगाममा बाँधिएका छन् । पहिचानको आन्दोलन निर्णायक नहुनु पछाडिको मूलभूत कारण यही हो । उनीहरू हाम्रो समुदाय, थातथलो, जाति, धर्म संस्कृति भन्दा तरङ्गित र उद्वेलित हुन्छन् । तर यी विषयलाई दिशानिर्देश गर्ने राजनीतिमा भने सबै स्पष्ट छैनन् । अर्थात् उनीहरूमा अन्तर्निहित राजनैतिक अल्पज्ञानकै कारण पहिचान पक्षधर नितान्त कमजोर छन् भने पहिचान विरोधीहरू अनपेक्षित रूपमा हाबी भइरहेका छन् । यसले पहिचान एकादेशको दन्त्यकथा जस्तो हुन पुगेको छ ।

अहिले आन्दोलनमा सबै जातीय मोर्चा र संगठनहरु होमिएका छन् । यो सुखद र गर्विलो पक्ष हो । तर उनीहरू आबद्ध राजनैतिक पार्टीहरू सबै पहिचानको पक्षमा छैनन् । उदाहरणको लागि गैर-पहिचानधारी पार्टीहरूका समर्थक र शुभचिन्तकहरू जातीय मोर्चा र संगठनहरुमा वढी क्रियाशील छन् । उनीहरूको भावना र राजनैतिक दृष्टिकोणबीच आकाश-धरती अन्तर्विरोध देखिन्छ । यही अन्तर्विरोध वा बेमेलकै कारण पहिचान लगायतका अग्रगामी एजेण्डा निर्णायक हुन सकेको छैन । यो वास्तविकतालाई अझै नजर अन्दाज गर्ने हो भने पहिचानको राजनीति दशकौंपछि धकेलिने निश्चित छ । केवल भावनामा निर्देशित आन्दोलन खास जटिल मोडमा पुगेको वेला राजनैतिक विचारको लगामसँगै दायाँ-बायाँ हुने खतरा प्रबल हुन्छ ।

यसकारण पहिचानको आन्दोलनलाई निर्णायक उचाइमा पुऱ्याउने हो भने जातीय संघ-संस्थाहरुमा न्यूनतम रूपमा आधारभूत राजनैतिक स्पष्टता अनिवार्य शर्त हुन्छ । अन्यथा यो औपचारिकता, हल्लाखल्ला र माहौल निर्माणमै मात्र सीमित हुनेछ । समस्याको समाधान र परिणामलाई नियाल्दा यसको कुनै अर्थ र औचित्य हुँदैन ।

**पहिचानमा मात्र सीमित गरिनु हुँदैन आन्दोलन**

निरपेक्ष पहिचानमा मात्र सीमित आन्दोलनले समाजको समष्टिगत आयामलाई समेट्न सक्दैन । समाजका सम्पूर्ण आयामलाई नसमेट्नु भनेको आन्दोलन प्रभावकारी नहुनु हो । यसो हुनु भनेको यथास्थितिलाई कायम राख्नु हो । यथास्थितिलाई कायम राखेर समस्याको समाधान हुँदैन । वस्तुत: पहिचान भावनाको मात्र सवाल होइन । यो त उत्पीडित वर्ग तथा जातीहरूको लागि सबैखाले अधिकारको प्रस्थानविन्दु हो । यसकारण यस्ता आन्दोलनको दायरा अझ फराकिलो र व्यापक बनाउनु पहिलो शर्त हुन्छ । सीमित आन्दोलन सहज त हुन्छ तर परिणाममुखी हुँदैन । यसकारण पहिचानको आन्दोलनलाई प्रदेशको नामाङ्कन गर्ने सीमित अर्थमा मात्र कैद गर्नु हुँदैन । यसलाई तमाम वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय लगायतका सबैखाले उत्पीडन र अन्तर्विरोधहरुको समाधान गर्ने व्यापक अर्थमा ग्रहण गर्नुपर्दछ ।

अर्थात् उत्पीडित वर्ग तथा जातिहरूको साङ्गो-पाङ्गो उन्मुक्तिसँग यसलाई जोड्नु पर्दछ । तब मात्र आन्दोलनको ज्वारभाटा सबै सामाजिक आयाममा उठ्नेछ, जसलाई कुनैपनि शासकहरुको तागतले थेग्नेवाला छैन । होइन भने हाम्रो माग र आन्दोलन जायज हुँदाहुँदै पनि साम्प्रदायिक विल्ला लगाएर बीचैमा तुहाउने खतरा जीवितै रहन्छ । दशकौंसम्म आन्दोलन अनिर्णीत रहनेछ अनि पछाडि धकेलिनेछ, जसले उत्पीडकलाई भन्दा उत्पीडितहरूलाई धेरै घाटा हुनेछ । अर्थात् पहिचानवादीहरू माथिको अन्याय जीवितै रहनेछ ।

**चुनावी आन्दोलन**

माथि उल्लेखित विधिहरूको अलावा वैधानिक विधिबाट पनि पहिचान स्थापित गर्न सकिन्छ । यो झनै सजिलो र सरल विधि हो । तर यसको लागि विगतका आवधिक चुनावहरू सहयोगी हुन सकेन । पहिचान विना बाँच्नै नसक्ने जाति र समुदायले पनि गैरपहिचानवादी पार्टीहरूलाई आँखा चिम्लेर जिताइदिए । आज तपाईं हामीले यसैको दुष्परिणाम भागिरहेका छौं । यसकारण यदि हामीलाई साँच्चै पहिचान चाहिएकै हो भने आउँदो आवधिक चुनावमा पहिचानवादी राजनैतिक पार्टीलाई जिताएर कोशीलाई उल्टाएर किरात नामकरण गरौं । चुनावलाई पनि एउटा विशिष्ट पहिचानवादी आन्दोलनको रूपमा ग्रहण गरौं । तब कसले भन्न सक्छ पहिचान सुनिश्चित हुँदैन भनेर ।

**अन्तमा**

तसर्थ पहिचानको नाममा निरपेक्ष भावनामा धेरै तरङ्गित नहोऔं । आन्दोलनलाई राजनैतिक विचार र दृष्टिकोणको कमाण्डमा राखौं । राजनैतिक पार्टीहरूको आधारभूत एजेण्डा पहिचान गरौं । पहिचान र गैर-पहिचानधारी पार्टीहरूलाई राम्रोसँग चिनौं । हरेक जातीय तथा सामाजिक संघ-संस्थाहरु अमूर्त भावना र हल्लाखल्लाको पछिपछि भन्दा पनि राजनैतिक दृष्टिकोणमा स्पष्ट वनौं । समर्थन र विरोध पनि राजनैतिक एजेण्डामा अन्तर्निहित सही र गलत अन्तर्वस्तुको आधारमा गरौं । आन्दोलनलाई पहिचानमा मात्र नभएर समग्र अर्थराजनीतिक आन्दोलनको व्यापक दायरामा विस्तार गरौं ।

अनि विगतको गलत अनुभवबाट गम्भीर शिक्षा लिएर आगामी चुनावलाई पहिचानजन्य आन्दोलनको विशिष्ट रुप भनेर आत्मसात गरौं । सही वा अग्रगामी राजनैतिक विचार र भावनालाई समायोजन गरौं । पहिचान विरोधी दलीय पर्खालहरू तोडौं । पहिचानजन्य पिलर निर्माण गरौं । चुनावको दिन भोट एकातिर आन्दोलन अर्कोतिर नगरौं । यस्तो दहीचिउरे र वैयाले उन्मुक्ति कहिल्यै सम्भव हुँदैन । अनि मात्र आन्दोलन गन्तव्यमा पुग्नेछ, तपाईं हामी उन्मुक्त हुनेछौं । जहाँ संघर्षबाटै पहिचान लगायतका सम्पूर्ण आधारभूत राजनैतिक अधिकारहरू सुनिश्चित हुनेछ । कामना गरौं, आन्दोलनरत सबैमा यही आधारभूत चेत खुलोस् !

*(साभार: रातोपाटी)*

# विज्ञानको विकासका लागि गोलमेच

**उत्तमबाबु श्रेष्ठ**

सन् २००८ जुन १३ को अंकमा वैज्ञानिक जर्नल साइन्समा 'नेपाल काउन्ट्स अन साइन्स टु टर्न स्ट्रगलिङ कन्ट्री अराउन्ड' शीर्षकमा एउटा समाचार छापियो । संविधानसभाको चुनावमा माओवादी पहिलो दल बनेपछि अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री र अर्का नेता डा. बाबुराम भट्टराई अर्थमन्त्री बनेका थिए ।

सोही सरकारले प्रस्तुत गरेको वार्षिक बजेटमा तत्कालीन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयलाई दिइने बजेट अघिल्लो वर्षको भन्दा '१२ गुणा' ले बढाइएपछि त्यसलाई विश्व प्रसिद्ध वैज्ञानिक जर्नल साइन्सले साताको विशेष खबर (न्युज अफ द विक) बनाएर छापेको थियो । नेपालजस्ता देशका खबर त्यस्ता जर्नलहरूमा विरलै छापिन्छन् । त्यसैले विज्ञान–प्रविधिमा गतिलै बजेट बढाइएको सुखद आश्चर्य साइन्समा समाचार बन्नलायक भए तापनि उक्त खबरमै वैज्ञानिकहरूसँग उक्त बजेट खर्च गर्ने क्षमता नभएको, वैज्ञानिक प्रतिभा पलायन उच्च रहेको, र नपालको आर्थिक पछौटेपन र न्यून साक्षरताका तगाराहरूबारे पनि छापिएको थियो । उक्त समाचार छापिएको १५ वर्षमा पनि वैज्ञानिक क्षेत्रमा खासै प्रगति भएको छैन ।

बरु यतिखेर देश छोड्ने युवा विद्यार्थीहरू बढेका छन् । देशभित्र उच्च शिक्षामा विज्ञान पढ्नेहरू घट्दा छन् । शिक्षाको गुणस्तर खस्केको छ । र, संयोगले यतिखेर प्रधानमन्त्री फेरि पनि प्रचण्ड नै छन् । तर उनमा त्यो बेलाको जस्तो 'विज्ञानले देश बदल्छ' भन्ने आत्मबोध हराएको जस्तो देखिन्छ । जुन कुरा प्रधानमन्त्री स्वयं कुलपति रहेको देशकै विज्ञान र प्रविधिको शीर्ष संरचना (एपेक्स बडी) भनिने नास्टको उपकुलपति चयन नहुनुले स्पष्ट पार्दछ ।

**दलीय तहमा विज्ञानको महत्त्वको आत्मसात्**

सत्ताको दाउपेचमा अलमलिरहँदा प्रधानमन्त्री प्रचण्डले विज्ञान क्षेत्रलाई बेवास्ता गरेता पनि उनी र सरकारमा सम्मिलित र प्रतिपक्षी दलहरूको चुनावी घोषणापत्रमा विज्ञानको महत्त्वलाई आत्मसात् गरेको देखिन्छ । माओवादीले चुनावी घोषणापत्रमा छुट्टै विज्ञान तथा प्रविधि मन्त्रालय बनाउनेदेखि नार्क, नास्टजस्ता संस्थाहरूको पुन:संरचना गर्ने, विज्ञान-प्रविधि विकासको १० वर्षे गुरुयोजना बनाउनेदेखि '१ अर्ब रुपैयाँ बराबरको राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोष' स्थापना गर्नेसम्मका कुरा उल्लेख गरेको थियो ।

चुनावपछि पहिलो पार्टी बनेको र वर्तमान मन्त्रिमण्डलमा धेरै मन्त्री भएको दल नेपाली कांग्रेसले अनुसन्धानमा हाल खर्च गरिएको जीडीपीको ०.३ प्रतिशतलाई ०.७ प्रतिशतमा पुऱ्याउने, विज्ञान–प्रविधि, सञ्चार र डिजिटलाइजेसनलाई समुन्नतिको आधार मान्ने, डाटासंग्रह केन्द्र, आर्टिफिसियल इन्टेलिजेन्सजस्ता क्षेत्रको दूरगामी रणनीति बनाउने कुरा उल्लेख गरेको थियो । प्रमुख प्रतिपक्षी दल एमालेको घोषणापत्रमा टेलिकम्युनिकेसन, फर्मास्युटिकल्स, वैज्ञानिक उपकरण, चिप्स, सफ्टवेयर, आर्टिफिसियल इन्टेलिजेन्स लगायतका विशिष्ट ज्ञान र उच्च प्रविधिमा आधारित उद्योगहरू स्थापना गर्ने, विज्ञान-प्रविधिका क्षेत्रमा विश्वस्तरको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने विशिष्ट प्रतिष्ठानहरू स्थापना गर्ने कुरा समावेश थिए ।

रास्वपाले 'भविष्यका लागि तयार जनशक्ति योजना' अन्तर्गत स्टेम (साइन्स, टेक्नोलोजी, इन्जिनियरिङ र म्याथम्याटिक्स) शिक्षामा आधारित वार्षिक ५० हजार जनशक्ति तयार पार्न सातै प्रदेशमा स्टेम केन्द्र स्थापना गर्ने, सातै प्रदेशमा आधुनिक विधि विज्ञान प्रयोगशाला स्थापना गर्ने, राष्ट्रको एक प्रतिशत बजेट नवीन अध्ययन, अनुसन्धान र विकासका लागि छुट्याउने कुरा घोषणापत्रमा राखेको थियो । राप्रपा र जसपाले पनि स्टार्टअफहरूको प्रवर्द्धन र विकासमा जोड, विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठानलाई साधन सम्पन्न बनाउनेजस्ता कुराहरू चुनावी घोषणापत्रमा उल्लेख गरेका थिए ।

हामीकहाँ चुनावी घोषणपत्रमा उल्लिखित प्रतिबद्धताको कार्यान्वयन खासै नहुने भएकाले त्यसलाई कागजको खोस्टा बराबर मान्ने प्रचलन छ । तथापि चुनावी घोषणापत्र दलहरूको सुझबुझ र प्राथमिकता पहिल्याउने आँखिझ्याल पनि हो । त्यस दृष्टिकोणबाट हेर्दा समग्र देशले विज्ञान र प्रविधिको क्षेत्रमा भोगिरहेको अलमल, अन्योल र चुनौतीहरूको प्रतिविम्ब दलहरूको घोषणापत्रमा देख्न सकिन्छ । दलका नेताजस्तै कर्मचारी, प्रशासक र वैज्ञानिकहरूमा पनि हाम्रो देशको वैज्ञानिक अनुसन्धानका प्राथमिकता के-के हुन् ? हाम्रा लागि विज्ञान प्रविधिका तुलनात्मक लाभका क्षेत्रहरू कस्ता छन् ? त्यस्ता अनुसन्धान कसले र कसरी गर्ने ? त्यस्ता अनुसन्धानलाई कुन निकायले आर्थिक, प्राविधिक लगायतका सहायता प्रदान गर्ने ? र, अनुसन्धानबाट उत्पन्न नतिजाहरूलाई कसरी र कुन निकायमार्फत नीति र निर्णयहरूमा प्रयोग गर्ने भन्नेबारेमा अन्योल छ । त्यसैको कारण अनुसन्धान नीति बन्दा, कार्यक्रम तयार पार्दा, अनुसन्धान बजेट छुट्याइँदा र वैज्ञानिक अनुसन्धान सम्बन्धी आवश्यक जनशक्ति उत्पादनमा समस्या छ ।

**नेपाली विज्ञान क्षेत्रको अन्योल र चुनौती**

नेपाली वैज्ञानिक क्षेत्रले यतिखेर एकैसाथ १८ औं, १९ औं, २० औं र २१ औं शताब्दीमा भएका खोज, अनुसन्धान र अन्वेषणका चुनौतीलाई सामना गरिरहेको छ । उदाहरणका लागि, १८ औं शताब्दीका वैज्ञानिक कार्ल लिनियासले सन् १७३५ मा वनस्पतिको पहिलो वैज्ञानिक अभिलेख राख्ने कामको सुरुआत गरेका थिए । उनले स्थापित गरेको जीवको वैज्ञानिक नामांकन प्रथा (बाइनोमियल नोमेक्लेचर) अझै प्रयोग गरिन्छ । तर १८ औं शताब्दीमा विकसित देशहरूमा भएका प्राकृतिक विज्ञानका सामान्य खोज र अनुसन्धानको स्तरमा अहिलेसम्म पनि हामी नपुगेको कुरा नेपालको वनस्पतिको संग्रह 'फ्लोरा अफ नेपाल' हालसम्म पनि पूरा हुन नसकेको दृष्टान्तले पुष्टि गर्दछ ।

त्यसै गरी, सन् १८५९ मा चार्ल्स डार्विनले प्राकृतिक छनोटको सिद्धान्त 'अन द ओरिजिन अफ स्पेसिज' नामक पुस्तकसँगै प्रकाशित गरे । प्रजातिहरूको उत्पत्ति र विकासको विश्वव्यापी नयाँ वैज्ञानिक मान्यता स्थापित गर्न त्यो सफल भयो । समयक्रममा प्रविधि विकाससँगै त्यसको प्रयोग गरेर डार्विनको सिद्धान्तलाई निखार्ने र थप प्रमाण जुटाउने विधा उद्विकास विज्ञान (इभोलुसनरी बायोलोजी) नै स्थापित भयो । यतिखेर संसारभर उक्त विधाका थुप्रै ससाना हाँगाहरूमा अध्ययन-अनुसन्धान गरिन्छन् । तर नेपालका विश्वविद्यालयमा अझै पनि उद्विकास विज्ञानको विशिष्टीकृत पढाइ हुने विभाग र अनुसन्धान गर्ने एउटा पनि प्रयोगशाला स्थापना हुन सकेको छैन ।

सन् १९२९ मा अलेक्जेन्डर फेल्मिङले बहुचर्चित एन्टी बायोटिक (ब्याक्टेरिया नाशक) पेनिसिलिनको आविष्कार गरे । त्यसपछि औषधि विज्ञानमा विश्वभर थुप्रै आविष्कार, अभिनव र अकल्पनीय परिवर्तनहरू भए, जसबाट मानिसको आयु बढाउने र रोगलाई पछि धकेल्ने भीमकाय परिवर्तन भयो । तर परम्परागत औषधि जडीबुटीको धनी देश भनेर सधैं फलाक्ने हामीहरूले आफ्नै बलबुतामा हालसम्म कुनै पनि विश्वस्तरमा मान्यताप्राप्त औषधि उत्पादन गर्न र त्यसतर्फ भरपर्दो वैज्ञानिक अनुसन्धान अघि बढाउन सकेका छैनौं ।

सन् २००३ मा मानवको सम्पूर्ण अनुवंश पत्ता लगाउने 'ह्युमन जिनोम प्रोजेक्ट' सफलतापूर्वक सकियो । त्यसपछि संसारभर मोलिक्युलर बायोलोजी र जिनोमिक्स विधामा अकल्पनीय प्रगति भएको छ । त्यसमा प्रयोग हुने विधि, रसायन, उपकरणहरू सुपथ र सर्वसुलभ बन्दै गएका छन्, तर हालसम्म नेपालमा जिनोमिक्सको अध्ययन र अनुसन्धान गर्ने गतिलो संस्था नै छैन । थप, आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को एकस्वरूप च्याट जीपीटी (जिनिरिटिभ प्रिटेन्ड टान्सफर्मर) को पहिलो मोडल सन् २०१८ मा रिलिज गरियो र त्यसको पछिल्लो भर्सन गत महिनामा । मानिसले जस्तै लेख्ने च्याट जीपीटीले यतिखेर संसारभर तहल्का मच्चाएको छ । प्रविधि कम्पनीहरू बीचमा एआई प्रविधिको थप विकास गर्ने तीव्र होडबाजी चलेको छ । एआईको विकासले विश्वविद्यालयको प्राध्यापन र परीक्षा प्रणालीमा, वैज्ञानिक अनुसन्धान र अनुसन्धान प्रकाशन गर्ने पद्धतिमा आमूल परिवर्तन हुनुका साथै अन्य क्षेत्रमा पनि करोडौंको संख्यामा रोजगारी खोसिने भन्दै चिन्ता-बहस जारी छ । तर नेपालमा एकाध पत्रिकामा एआईका बारेमा अनुवाद समाचार लेखिएबाहेक हाम्रा विश्वविद्यालय, अनुसन्धान संस्था र प्राज्ञिक व्यक्तित्वहरूबीचमा यसबारेमा बहस र छलफल हुनु त परै जाओस्, उनीहरू यसबारेमा सुसूचितसमेत देखिँदैनन् ।

*(साभार: ई-कान्तिपुर)*

# गठबन्धन बदलिएसँगै खुकुलो बन्यो सरकारको प्राथमिकता



काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बिहीबार सार्वजनिक गरिएको 'संयुक्त सरकारका प्राथमिकता र साझा न्यूनतम कार्यक्रम' राष्ट्रिय सहमतिको भएको बताए । शेरबहादुर देउवा नेतृत्वको सरकार र निर्वाचनपछि बनेको एमालेसँगको गठबन्धनले बनाएका राम्रा विषयलाई विकसित र परिमार्जित गर्दै यसमा समेटिएकाले यो राष्ट्रिय सहमतिको साझा न्यूनतम कार्यक्रम भएको उनको भनाइ छ ।

तर उनले भनेजस्तो यसपटक बनेको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम समृद्ध छैन । बरु यसले अघिल्लो गठबन्धनले तय गरेका कतिपय प्राथमिकता र कार्यक्रमलाई खुकुलो स्वरुपमा ढालेर प्रश्न उठ्न सक्ने सम्भावनालाई छलेको छ ।

एमालेसहितको अघिल्लो गठबन्धनले ६ महिनाभित्र नेपाली नागरिकका सन्तानले नागरिकता नपाउने अवस्थाको अन्त्य गर्ने र यथाशीघ्र नागरिकतासम्बन्धी अन्य समस्या समाधान गर्ने प्रतिबद्धता गरेको थियो । साथै, सबै नेपालीलाई एक वर्षभित्र राष्ट्रिय परिचयपत्र वितरण गरिसक्ने सुनिश्चित कार्यक्रम बनाएको थियो ।

तर यसपटक सरकारले उक्त प्रतिबद्धतालाई खुकुलो हुने गरी समयावधि नतोकिकनै नागरिकलाई नागरिकता पाउने र अधिकार उपभोग गर्नबाट बञ्चित हुन नपरोस् भन्ने सुनिश्चित गर्ने भनेर मात्रै उल्लेख गरेको छ । साथै, सरकारले पूर्णता पाएको ६ महिनाभित्र नागरिकता ऐन पारित गर्ने र नागरिकता प्राप्तिमा रहेको लैंगिक विभेदको अन्त्य गर्ने सैद्धान्तिक विषय मात्रै उठाएको छ ।

अघिल्लो गठबन्धनले भ्रष्टाचारको मामिलामा कडा नीति अपनाउने जनाएको थियो । 'भ्रष्टाचार र अख्तियारको दुरूपयोगसँग जोडिएका विषयको छानविन र अनुसन्धान गरी कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचार माथि कानूनी कारवाही अगाडि बढाएर भ्रष्टाचारी एकदिन कानुनको कठघरामा पुग्ने विश्वास नागरिकलाई दिलाउने' अघिल्लो सरकारको स्पष्ट कार्यक्रम थियो ।

तर, यसपटक उक्त प्रतिबद्धतालाई सैद्धान्तिक भाषामा समेटदै 'सार्वजनिक सेवाको क्षेत्रमा विद्यमान भ्रष्टाचार निर्मूल गर्नका लागि सरकारले तदारुकताका साथ कदम चाल्ने' भनेर मात्रै उल्लेख गरिएको छ । यसका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई थप प्रभावकारी बनाउन स्रोतसाधन तथा आवश्यक जनशक्ति उपलब्ध गराउने भनिएको छ । जबकी अघिल्लो गठबन्धनले अख्तियारजस्ता निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित अधिकार सम्पन्न बनाई भ्रष्टाचार नियन्त्रण र सदाचारको प्रत्याभूति गर्ने भनेको थियो ।

त्यस्तै अघिल्लो गठबन्धनले सेवाग्राहीहरूलाई फरकफरक कार्यालयमा नागरिकतालागयत डकुमेन्टहरू पटकपटक बुझाइरहनु पर्ने झन्झट हटाउने र राष्ट्रिय परिचयपत्र प्रचलनमा ल्याउने स्पष्ट कार्यक्रम तय गरेको थियो । साथै 'नागरिक एप' लाई सुदृढ गरेर सबै प्रकारका सेवा उपलब्ध गराउने डिजिटल प्रबन्ध सुनिश्चित गर्ने भनेको थियो ।

तर यसपटक नागरिकता र राष्ट्रिय परिचयपत्र दुवै बुझाउनु पर्ने दोहोरोपनालाई मापदण्ड बनाई एउटै कामका लागि धेरै कागजात बुझाउनु पर्ने झन्झट हटाउन राष्ट्रिय परिचयपत्रलाई स्थानीय पालिकाबाट वितरण गर्ने मात्रै भनिएको छ । साथै, विद्युतीय सुशासन आयोगमार्फत एकद्वार प्रणालीको अवधारणामा जाने भनेको छ । तर, के कसरी भन्ने स्पष्ट छैन ।

यसले अघिल्लो सरकारले जस्तो राष्ट्रिय परिचयपत्रमा नागरिकको सबै विवरण राखिने र त्यसले मात्रै पनि सबै काम हुने सुनिश्चितता र नागरिक एपलाई प्रयोगमा ल्याएर थप सहजिकरण गर्ने कुरालाई प्राथमिकतामा राख्न सकेको छैन । यो सरकारले पूर्णता पाएको ६ महिनाभित्र प्रदेशसँगको समन्वयमा प्रदेश प्रहरी समायोजनको काम सम्पन्न गर्ने प्रतिबद्धता भने जनाएको छ ।

अघिल्लो गठबन्धनले संसदको पहिलो अधिवेशनबाटै नयाँ तर्जुमा गर्ने या समयानुकूल परिमार्जन गर्ने विद्यमान ऐन एक दर्जन ऐनहरूको सूची तय गरेको थियो । त्यसरी संसदले ऐन पारित गरेर कानुन निर्माणका लागि सहजीकरण गरेको खण्डमा त्यसले नागरिकलाई सेवा उपभोग गर्न र संघीयतामा तीनै तहका सरकारलाई काम गर्नका लागि बाटो खोल्न सक्थ्यो ।

तर, यो गठबन्धनले कहिलेसम्म गर्ने समेत नभनी आवश्यक सीमित ऐनहरू यथाशीघ्र पारित गर्ने नरम आश्वासन मात्रै दिएको छ । अघिल्लो गठबन्धनले जस्तो समयसीमा पनि नतोकी गर्ने भनिएका कामको तत्काल जवाफ दिनु नपर्ने हुँदा सरकारले लामो समयसम्म सुशासन र गुणस्तरीय सेवाको क्षेत्रका दायित्वभित्र बाँधिनु नपर्ने सहज बाटो यो गठबन्धनले रोजेको देखिन्छ ।

मुलुकको अर्थतन्त्रमा देखिएका संकटहरूको समाधानका लागि सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने विषयमा यो गठबन्धनले सार्वजनिक प्रशासनमा रहेको दोहोरोपना हटाउने, विभागहरू खारेज गर्ने र ओभरस्टाफिङको समस्या हल गर्ने नीति लिएको छ । जुन अघिल्लो गठबन्धनले समेत प्राथमिकतामा राखेको थियो ।

अघिल्लो गठबन्धनले स्वदेशी उत्पादन र उपभोगलाई प्रोत्साहन गरी राष्ट्रिय पुँजीको विकास गर्ने विषयमा स्पष्ट कार्यक्रमहरू सूचीकृत गरेको थियो । 'मेक इन नेपाल: काम-रोजगारी-उद्यमशीलता र स्वदेशी उत्पादन' शीर्षकमा नयाँ स्वदेशी उद्योगहरू सञ्चालन र पुराना रुग्ण उद्योगहरू पुन: सञ्चालनमा ल्याउनका लागि स्पष्ट योजना प्राथमिकीकरण गरेको थियो

अहिलेको गठबन्धनले 'मेक इन नेपाल', 'मेड इन नेपाल' र स्वदेशी उत्पादनको क्षेत्रलाई कार्यक्रममा समेट्न सकेको छैन ।

यस्तै अघिल्लो गठबन्धले शिक्षा र स्वास्थ्य क्षेत्रमा राखेका प्राथमिकता यसपटक गोलमोटल तरिकाले प्रस्तुत गरिएका छन् । आगामी दुई वर्षमा देशलाई पूर्ण साक्षर बनाउने, सबै पालिकामा प्राविधिक धारका विद्यालय सञ्चालन गर्ने, उच्च शिक्षाका निम्ति विदेश जानुपर्ने बाध्यकारी अवस्थाको अन्त्य गर्ने, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्व विद्यालयको स्थापना र सञ्चालनमा तीव्रता दिने विषयमा जोड थियो ।

नयाँ गठबन्धनले यसलाई एक बुँदामा गुणस्तरीय, रोजगारमूलक, व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिँदै संघीयताको मायन्ताअनुरूप शिक्षालाई जनताको पहुँचमा राख्न सामुदायिक शिक्षा प्रभावकारी बनाउने सैद्धान्तिक कार्यक्रमभित्र संकुचन गरेको छ ।

त्यस्तै ६० वर्षभन्दा माथिका नागरिकको रक्तचाप, मधुमेहजस्ता रोगको निशुल्क परीक्षण र औषधी, सबै पालिकामा आधारभूत अस्पताल, प्रदेशमा विशिष्टीकृत अस्पताल, महिनावारी हुने समूहका महिलालाई गुणस्तरीय प्याड वा वैकल्पिक साधन खरिद गर्न १५ सय रुपैयाँ उपलब्ध गराउनेलगायत स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू राखेको थियो । तर यसपटक ती सबै कार्यक्रमलाई स्वास्थ्य सेवा विस्तार गर्ने भनेर मात्रै उल्लेख गरिएको छ ।

शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायको हकमा भने अघिल्लो गठबन्धनको तुलानमा यो गठबन्धन बढी गम्भीर देखिएको छ । यो गठबन्धनले यो काम २ वर्षभित्र पूरा गर्ने समयसीमा तोकेको छ । त्यस्तै छिमेकी मुलुकसँगको सीमा सम्बन्धी समस्या समाधान गर्नका लागि अघिल्लो गठबन्धनले प्रभावकारी कूटनीतिक पहल अगाडि बढाउने भनेको थियो भने यो गठबन्धनले समस्याहरूको समाधान कूटनीतिक पहलबाटै गर्ने भनेको छ । अघिल्लो गठबन्धनको तुलानमा यसपटक अन्तर्राष्ट्रिय सम्बन्ध व्यवस्थापनमा बढी गम्भीर देखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# संसद बैठकमा मकवानपुरका बर्तौला र सिंहले के भने ?

साझाकुरा संवाददाता





हेटौंडा, २३ चैत/ प्रतिनिधिसभा भवनमा बिहीवार भएको बैठकमा मकवानपुरका दुई सांसद महेशकुमार बर्तौला र दीपकबहादुर सिंहले जनजीविकाको विषय उठाएका छन् ।

मकवानपुरको क्षेत्र नम्बर २ बाट निर्वाचित सांसद बर्तौलाले हाल बन्द अवस्थामा रहेको हेटौंडा-काठमाडौं रोपवेले मानव बस्ती जोखिममा पारेको भन्दै व्यवस्थित गर्न माग गरेका छन् । नेकपा एमालेका सांसद बर्तौलाले रोपवेलाई व्यवस्थित गर्न सरकारसँग माग गरेका हुन् । २०५६ सालदेखि बन्द भएको रोपवेको डिब्बाले मानव बस्ती जोखिममा परेको भन्दै उनले संसद बैठकमा व्यवस्थापन गर्न सरकारसँग माग गरेका हुन् । 'बन्द भएको २३ वर्षसम्म उस्तै छ । जीर्ण अवस्था छ । डब्बाहरु झुण्डिएर बसेको छ । जतिबेला पनि दुर्घटना हुन सक्ने र बस्तीमा नोक्सान हुन सक्ने देखिन्छ', बर्तौलाले भने ।

'राज्यको करोडौं सम्पत्ति बेवारिसे छ, व्यवस्थित गरियोस्', उनले भने । २०२० सालमा हेटौंडादेखि काठमाडौं टेकुसम्म रोपवे सञ्चालन गरिएको थियो । तर, २०५६ सालमा बन्द भएको थियो । २०२० सालमा हेटौंडाको चौकीटोलबाट काठमाडौंको माताततीर्थसम्म करिव ४२ किलोमिटर लामो रोपवे संचालनमा आएको र २०५६ सालमा बन्द भएको हो । त्यतिबेला ३ सय ६० वटा डिब्बा (क्यारियर) सामान ओसार्न प्रयोग हुन्थे । झण्डै एक हजार मानिसलाई प्रत्यक्ष रोजगारी दिएको यो रोपवेले बिहानदेखि बेलुकसम्म २ सय ५० मेट्रिकटन सामान ओसार्थ्यो । राणा प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं १९८२ मा काठमाडौंमा अनिकाल परेपछि मकवानपुरको भीमफेदी नजिकको धोर्सिङबाट माताततीर्थसम्मको २२ किलोमिटरमा रोपवे लाइन बनाएका थिए ।

यही रोपवेले धोर्सिङबाट काठमाडौंसम्म सामान ढुवानी गरेर काठमाडौंको अनिकाल टारेका थिए । गाडीबाट हेटौंडा हुँदै भीमफेदी आइपुगेका अन्न, मेसिनरी यिनै डिब्बामा लोड गरिन्थे । यो रोपवेलाई जुद्धसम्शेरले टेकुस्थित भन्सार कार्यालयसम्म विस्तार गरेका थिए र त्यसपछि यसको लम्बाई ४२ किलोमिटर भयो । २०११ मा बाढीले धोर्सिङको पावर हाउसमा क्षति पुग्यो र रोपवे बन्द भयो । त्यसपछि सरकारले पहिलो पञ्चवर्षीय योजना ९२०१३-२०१८ मा यो रोपवे विस्तार को योजना बनायो र, २०१६ सालबाट काम थालियो । अमेरिकी सहयोगमा ६४ लाख डलर खर्च गरेर रोपवे विस्तार गरियो हो । त्यो समयमा एक किलो सामग्री ढुवानी गर्न ५ पैसा लाग्थ्यो र त्यसभन्दा अघि त झन् एक पैसा मात्रै लाग्थ्यो ।

२०५४ सालमा रोपवेको भैंसेस्थित सबस्टेसनमा समस्या आयो र ट्रान्सफर्मर बिग्रियो । उक्त ट्रान्सफर्मर मर्मत गर्न ४-५ लाख आवश्यक पऱ्यो । तर, सरकारले खर्च गरेन र बन्द भयो । बन्द भएका दिनमा चलिरहेका डिब्बा जहाँ-जहाँ आइपुगेका थिए, आज पनि त्यहीं अड्किएर झुण्डिरहेका छन् । २०५९ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएको समयमा रोपवे खारेजीको निर्णय भयो । २०७६ माघ १३ मा बागमती प्रदेश सरकारद्वारा रोप-वे पुन: सञ्चालनमा ल्याउने भनेर निर्णय त भयो तर, यसको कुनै काम अघि बढेको भेने छैन ।

यसैगरी, मकवानपुर क्षेत्र नम्बर १ बाट निर्वाचित राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद दीपकबहादुर सिंहले विदेशबाट अंगभंग भएर फर्किएका नेपालीका लागि सरकारले कुनै काम गर्न नसकेको बताएका छन् । बिहीबारको प्रतिनिधिसभा बैठकमा बोल्दै उनले अयोग्य लडाकुलाई करोडौं रुपैयाँ बाँड्न सक्ने सरकारले विदेशबाट अंगभंग भएर फर्किएका नेपालीका लागि कुनै काम गर्न नसकेको बताएका हुन् । 'सरकारले अयोग्य लडाकुलाई करोडौं रुपैयाँ बाँड्न थालेको छ । त्यो पैसा जो विदेशबाट बाकसमा आएका छन्, अंगभंग भएका छन् उनीहरुका परिवारलाई दिनुपर्छ । बाँड्यो भने यो सरकारको सधैं जयजयकार हुनेछ ।', उनले भने ।

विदेशबाट बाकसमा शव फर्किएका नेपालीका परिवारका लागि के सोचेको छ ? भन्दै उनले प्रश्न गरे । सांसद सिंहले विदेशमा रहेका नेपालीले पैसा नपठाउने हो भने मुलुक श्रीलंका र पाकिस्तान भन्दा अगाडि नै असफल मुलुक हुने दाबी गरे । 'विदेश गएका हाम्रा युवाले पठाएको पैसाबाट देश चलेको छ, उनीहरुले पैसा नपठाउने हो भने हाम्रो देश श्रीलंका र पाकिस्तानभन्दा पहिला नै असफल मुलुक भइसक्थ्यो । केही नेपाली अंगभंग भएर फर्किएका छन्, कोही बाकसमा फर्किएका छन् । उनीहरुको लागि सरकारले के सोचेको छ ?', उनले भने । सिंह निवर्तमान जलश्रोत राज्यमन्त्रीसमेत हुन् ।

# सहीद र बेपत्ता पारिएका परिवारलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ मनहरी गाउँपालिकाले सहीद तथा बेपत्ता पारिएका परिवारलाई नगद सहित सम्मान गरेको छ ।

गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा १३ सहीद र २ बेपत्ता परिवारलाई जनही नगद ५ हजार सहित खादा ओढाएर सम्मान गरिएको छ । मन्त्री मोक्तानले अहिलेको व्यवस्था सहीदको रगतले आर्जिएको बताइन् । '१० वर्षे जनयुद्धले तपाईंको सन्तानको बलिदान लियो भनेर अनेक मानिसले भन्लान तर, तपाईंको सन्तानको रगतले अहिलेको व्यवस्थालाई सिँगारेको भनेर बुझ्नुस् । अबुझ मानिसको मानसिकताले अहिलेको व्यवस्थालाई दोष दिएको हो', मन्त्री मोक्तानले भनेकी छन् ।

मनहरीको ५ नम्बर वडाअध्यक्ष दीपेन्द्र अधिकारीले अहिलेको व्यवस्थालाई बलियो बनाउन सहीदले दिएको आहुती भुल्न नहुने बताए । ३ नम्बर वडाअध्यक्ष अनन्तप्रकाश अर्यालले १० वर्षे जनयुद्धको सुखद उपलब्धीको रुपमा अहिलेको व्यवस्थालाई आत्मसात गर्नुपर्ने बताएका छन् । कार्यक्रम समापनलाई सम्बोधन गर्दै गाउँपालिका उपाध्यक्ष पुलामीले गाउँपालिकाका अन्य सहीद तथा बेपत्ता परिवारको खोजी गर्ने प्रतिवद्धता व्यक्त गरिन् । कार्यक्रममा वडा अध्यक्षहरु प्रकाश थापा, नारायण उप्रेती, प्रमुख प्रशासकीय अधिकृत मोहन श्रेष्ठ, नेकपा माओवादी बागमती प्रदेश ईन्चार्ज बीरबहादुर घलान (ज्वाला) लगायतको सहभागिता थियो ।

# कोरोना महामारीको अर्को लहरको जोखिम

काठमाडौं/शून्यमा झरेको कोरोना संक्रमितको संख्या दिनमै १०० हाराहारी पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बिहीबार ८५ जनामा कोरोना संक्रमण पुष्टि हुँदा संक्रमणदर ६ प्रतिशतभन्दा माथि छ । जबकि २ चैतमा नेपालमा कोरोना संक्रमित नै भेटिएका थिएनन् ।

विज्ञहरूले भने यसलाई कोरोना संक्रमणको अर्को लहरको पूर्व संकेतको रूपमा हेरेका छन् । अहिले कोरोना संक्रमण नयाँ लहरको सुरुवाती चरणमा प्रवेश गरेको संक्रामक रोग विशेषज्ञ डा. प्रभात अधिकारीले बताए । 'कोरोनाभाइरसको संक्रमण समुदायस्तरमा तीव्र गतिमा फैलिरहेको छ । ओमिक्रोनको सब-भेरियन्ट एक्सबीबी.१.१६ सबैभन्दा बढी फैलिने भएकाले अबको तीन-चार हप्तामा संक्रमणले उच्चबिन्दु छुने आकलन गर्न सकिन्छ', डा. अधिकारीले भने । अहिले नेपालमा ओमिक्रोनको सब-भेरियन्ट एक्सबीबी.१.१६ सबैभन्दा बढी सक्रिय छ । स्वास्थ्य मन्त्रालयका अनुसार चैत महिनामा संकलन गरिएका २४ वटा नमूनाको जिन सिक्वेन्सिङ गर्दा सबै नमूनामा ओमिक्रोन भेरियन्ट एक्सबीबी.१.१६ नै पुष्टि भएको छ ।

एक्सबीबी.१.१६ हालसम्मकै संक्रामक मानिन्छ । जुन तीब्र गतिमा एक व्यक्तिबाट अर्कोमा सर्ने क्षमताको हुन्छ । कोरोनाभाइरसको हरेक नयाँ भेरियन्ट बढी संक्रामक हुने र भाइरस फैलिएको बेला त्यसले अरू सबै श्वास-प्रश्वासबाट फैलने जीवाणुलाई विस्थापित गर्दै जाने अर्का संक्रामक रोग विशेषज्ञ डा. अनुप सुवेदी बताउँछन् ।

'अस्पतालमा आएका बिरामीलाई सोध्दा घरमा भएका अन्य व्यक्ति पनि उस्तै लक्षण लिएर बसिरहेको पाइएको छ । त्यसकारण पनि रुघाखोकी हुनेहरू कोरोना संक्रमित नै हुन् भन्ने अनुमान गर्न सकिन्छ', डा. सुवेदीले भने, 'अहिले देखिएका पूर्व संकेतहरूले पुन: संक्रमणको लहर तिर उन्मुख भएको आकलन गर्न सकिन्छ ।' पछिल्लो दिनमा नेपाल-भारतको प्रवेश बिन्दुमा संक्रमितको संख्या बढिरहेका कारण अर्को लहरको जोखिम रहेको ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दास बताउँछन् ।

तर, अब आउने लहरले पार्ने प्रभावको बारेमा अहिले यकिन गर्न नसकिने डा. दासको भनाइ छ । 'चौथो लहरमा सुरुवाती दिनमा संक्रमण बढेजस्तो भए पनि पछि संक्रमण फैलिन पाएन । जनस्वास्थ्यका मापदण्ड, खोपको पहुँच लगायत विषयले पनि संक्रमण रोक्न मद्दत गर्ने हुँदा अहिले नै लहरको आकलन गर्न सकिंदैन', उनी भन्छन् ।

नेपालमा अहिले नै कोरोना महामारीको अर्को लहर आउँछ कि आउँदैन भन्ने यकिन गर्न आगामी केही हप्ताको तथ्यांक हेर्नुपर्ने विज्ञहरू बताउँछन् । यद्यपि, भारतमा पनि संक्रमित संख्या बढ्दै गएकाले नेपालमा पनि सहज रूपमा फैलिने उनीहरु अनुमान गर्छन् ।

**तीन सातामै १७ गुणा बढ्यो संक्रमण**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार गत मंगलबार एन्टिजेन र पीसीआर गरी १ हजार ११७ नमूना परीक्षण गर्दा ८० जनामा संक्रमण पुष्टि भयो । जुन कुल परीक्षणमध्ये ७.१६ प्रतिशत हो । १ चैतमा ९५० नमूना परीक्षणमा ४ जना (०.४२ प्रतिशत) र २ चैतमा १ हजार १०१ नमूना परीक्षणमा शून्य संक्रमण थियो । तीन सातामै कोरोना संक्रमणको दर १७ गुणाले बढेको देखिन्छ ।

**साप्ताहिक तथ्यांक विश्लेषण**

गर्दा नेपालमा कोरोनाभाइरसको संक्रमणदरसँगै सक्रिय संक्रमितको संख्या उकालो लाग्दै गएको छ । ९ चैतमा ३० सक्रिय संक्रमित रहेकोमा बिहीबारसम्म आइपुग्दा ३५८ पुगेको छ । ओमिक्रोनको सब-भेरियन्ट एक्सबीबी.१.१६ बढी संक्रामक रहेका कारण रोग प्रतिरोधात्मक क्षमताले नियन्त्रण गर्न कठिन हुने संक्रामक रोग विशेषज्ञ डा. प्रभात अधिकारीको तर्क छ । उनका अनुसार नयाँ भेरियन्ट तुलनात्मक रूपमा कम घातक र बढी संक्रामक छ ।

'भारतको तथ्यांक हेर्दा नयाँ भेरियन्टका कारण धेरै संक्रमितलाई गम्भीर बनाएको छैन । अस्पताल भर्ना हुने दर धेरै नै न्यून छ' डा. अधिकारीले भने, 'एक्सबीबी.१.१६ डेल्टाभन्दा कम घातक छ । तर, छिटो फैलिने भएका कारण सतर्कता भने अपनाउनुपर्छ ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्


कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

"तपाईं हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# साना उद्योगी-व्यवसायी संरक्षण आवश्यक: सुमार्गी

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला नगर उपाध्यक्षका उम्मेदवार मकवानपुरका सफल व्यवसायी अरुणराज सुमार्गीले नेपालमा स्टार्टअप उद्यमी एवं साना उद्योगी व्यवसायीलाई उद्योग व्यवसायमा सवल बनाउनका लागी राज्यबाट नीतिगत संरक्षण र प्रर्वद्धनको योजना बनाइनुपर्नेमा जोड दिएका छन् ।

उद्योगी व्यवसायीको यति ठुलो सञ्जाल भएपनि उद्योग व्यवसायको वातावरण निर्माणका लागी दीर्घकालीन महत्वका कामहरु समेत हुन नसकेको बताए । अबको उद्योग वाणिज्य संघको नेतृत्वले संस्थाको इतिहासमै सम्झनलायक विभिन्न 'ब्रेक थ्रु' योग्य कामहरु गरेर देखाउने विश्वास व्यक्त गरे । 'हाम्रो टिम स्पष्ट योजना, स्पष्ट खाका अनि स्पष्ट गन्तव्यसहित उद्योग वाणिज्य महासंघको नेतृत्वका लागि अधिकारसँग व्यवसायीको भरोसा र विश्वास लिएर मैदानमा उत्रिका छौं, यो रुपान्तरणको अभियानमा सम्पूर्ण व्यवसायी एककदम अगाडि बढेर हामीलाई साथ दिनुहुनेछ भन्ने विश्वास लिएका छौं,' सुमार्गीले स्पष्ट पारे ।



उनले जिल्ला नगरलाई अझ सवल एवं व्यवसायीका समस्या, क्षमता विस्तार, व्यवसाय विकासका लागि आवश्यक विभिन्न कामहरु सबैमा आफ्नो निरन्तर सहकार्य र सहयोग रहने प्रतिवद्धता जनाए । उद्योग वाणिज्य महासंघको चुनावमा जिल्ला नगर उपाध्यक्षमा सुमार्गीको प्रवेशपछि महासंघको चुनाव अझ बढी चलायमान बनेको छ । महासंघमा जिल्ला नगरतर्फको केन्द्रीय उपाध्यक्षमा हेटौंडाका चर्चित व्यवसायी सुमार्गी उम्मेदवार रहेका हुन् । महासंघको कुल तीन उपाध्यक्षमा जिल्ला-नगर उवासंघ, एसोसिएट र वस्तुगत उपाध्यक्षका ८ उम्मेदवार छन् । महासंघको विधानले तीन फरक व्यावसायिक क्षेत्रमा तीनजना उपाध्यक्षको व्यवस्था गरेको छ ।

# मध्येभागमा परीक्षा केन्द्र बनाउँदा विद्यार्थी खुशी

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ भौगोलिक रुपमा विकट वडाहरु रहेको मकवानपुरगढी गाउँपालिकामा उपयुक्त स्थानको छनोट गर्दै परीक्षा केन्द्र तोकिए पछि विद्यार्थीहरु खुशी भएका छन् ।

विगतमा लामो समयसम्म हिँडेर माध्यमिक शिक्षा परीक्षा (एसईइ) को परीक्षा केन्द्र पुग्नुपर्ने बाध्यता थियो । एसईई १७ चैतदेखि सुरु भएको हो । मकवानपुरगढीको ६ नम्बर वडास्थित डुम्रेकुनामा रहेको जालपादेवी माविमा परीक्षा केन्द्र तोकिएको थियो । गाउँपालिकाभित्रका ६ वटा सामुदायिक विद्यालयहरु शारदा मावि, जनक मावि, चण्डिका मावि, जनता मावि, जालपादेवी र रुपनारायण माविका १ सय २२ जना विद्यार्थीले एसईइ परीक्षा दिइरहेका छन् । ग्रेड वृद्धिको १ जना र नियमिततर्फ विद्यार्थी १ सय २१ जना रहेको विद्यालयका प्रधानाध्यापक राजुप्रसाद गौतमले जानकारी दिए । जसमध्ये छात्र ४६, छात्रा ७६ रहेका छन् ।

जालपादेवी मावि पहिलो पटक परीक्षा केन्द्र बनेको हो । भौगोलिक रुपमा जालपादेवी मावि मध्यभागमा रहेकाले विद्यार्थीलाई परीक्षा केन्द्र आवतजावत गर्न निकै सहज भएको हो । बाक्लो बस्तीबीचमा रहेको विद्यालय नजिकै पक्की पुल निर्माण भएपछि सामरी खोला पारीका विद्यार्थीलाई परीक्षा केन्द्र आउन सहज भएको गौतमले बताए । यसअघि भानु माविमा परीक्षा केन्द्र हुँदा बुढीचौर, सुकौरा, १ नम्बर वडाको रानीशेरादेखि ६ नम्बर वडाको जनक माविका विद्यार्थीलाई परीक्षा दिन आउन अपायक पर्ने गरेको थियो । विद्यालयका प्रधानाध्यापक गौतमले पहल गरेर जालपादेवीलाई परीक्षा केन्द्र बनाएका हुन् । अनुशासित मर्यादित, शान्त वातारणमा परीक्षा सञ्चालन भइरहेको प्रअ गौतमले बताए । विद्यालयले केही समयअघि मात्रै जापानी सहयोग नियोग (जाइका) को आर्थिक सहयोगमा नयाँ भवन बनाएको थियो । सुरक्षा निकायले पनि जालपादेवी माविमा निकै शान्त वातावरणमा परीक्षा भइरहेको बताएका छन् ।

## शिक्षक आवश्यकता

*पहिलो पटक प्रकाशित मिति २०७९/१२/२४*

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको च नं. ९३२, मिति २०७९/१२/०९ को अनुमति प्राप्त पदपूर्ति अनुमति पत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०७९/१२/२३ को बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह राहत अनुदान कोटामा एक जान शिक्षक आवश्यक रहेको हुँदा ईच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

१. विज्ञापन नं. : २/०७९/०८०
२. तह : प्राथमिक (राहत अनुदान कोटा)
३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
४. न्यूनतम शैक्षिक योग्यता : १०+२ वा सो सरह उत्तिर्ण ।
५. परीक्षाको किसिम : लिखित, मौखिक, आवश्यक परेमा कक्षा अवलोकन
६. सेवा सुविधा : नेपाल सरकारको नियमानुसार
७. दरखास्त दस्तुर : रु १,५००/- (नबिल बैक लि. चल्ती खाता नं. २२१०१०१७५००२८८) मा रकम जम्मा गर्नु पर्नेछ ।
८. दरखास्त दिने अन्तिम मिति : २०८०/०१/०८ गते विद्यालय समयसम्म
११. सम्पर्क मिति : २०८०/०१/१० गते
१२. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईने छ ।
१४. आवश्यक कागजातहरु :
क) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि - २ थान
ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि - २ थान
ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि-२ थान
घ) शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि -२ थान
ङ) अन्य अनुभव भएमा सो को प्रमाणपत्रको प्रतिलिपि - २ थान
च) हस्त लिखित निवेदन - १ प्रति
छ) रकम जम्मा गरेको भौचर - १ प्रति

**नोट:-** शिक्षक सेवा आयोगबाट लिएको परीक्षाको करार लिस्टमा भएका उम्मेदवारलाई विज्ञापन भएको मितिले ७ दिन भित्रमा निवेदन पर्न आएमा योग्यता क्रमको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम छनोट गरी नियुक्ती दिइनेछ ।

**सम्पर्क नं.-** ९८५५०१६३७४ (प्र.अ.), ९८६०४७५६७५ (वि.व्य.स.अध्यक्ष)

**श्री जालपादेवी माध्यमिक विद्यालय**
मकवानपुरगढी -६ डुम्रेकुना

# उपमहानगरका चार ठाउँमा बित्तीय शिक्षा र परामर्श कक्षा

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ बैदेशिक रोजगारीमा रहेका परिवार लाई लक्षित गर्दै हेटौंडा उपमहानगर पालिकाको चार ठाउँमा बित्तीयशिक्षा र सामाजिक परामर्श कक्षा सञ्चालन भएको छ । उपमहानगरसँगको सहकार्यमा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन (सामी) परियोजनाअन्तर्गत् हेटौंडा ३ को दुई, १८ र १९ को एक/एक वटा समूहमा कार्यक्रम सञ्चालन गरिएको हो । बिषेश गरी खाडी मुलुकमा रोजगारीका लागि पुगेकाहरुको परिवारलाई लक्षित गर्दै चारवटा समूहमा सञ्चालन भएको कार्यक्रमले यहाँ रहेकालाई कसरी आर्थिक मितव्ययी बनाउँन सकिन्छ भन्ने बारेमा सहजीकरण गर्ने कार्यक्रम संयोजक अञ्जीता थापा मगरले बताइन् ।

तीन महिनासम्म सञ्चालन भएको तालिमले बाह्य मुलुकमा रहरे कमाएको पैसालाई बचत गर्ने, रोजगारीमा गएका व्यक्ति सम्पर्कमा नआए वा केही समस्या भए कहाँ सम्पर्क गर्ने ? बैदेशिक रोजगारीमा रहेका व्यक्तिले प्रयोग गरेका काजगपत्रलाई सुरक्षित राख्ने, पारिवारिक वातावरण कसरी बनाउँने लगायतको बिषयमा जानकारी गराउने बताइएको छ ।

लामो समयदेखि सञ्चालनमा रहेको परिवर्तन कक्षामा सहभागी हेटौंडा-३ लेवटकी सरिता थिङ्ले तालिमबाट आफूहरुले निकै परिवर्तन महशुस गरेको बताइन् । उनले बाह्य मुलुकमा रहेका व्यक्तिले दुख: गरी कमाएर पठाएको पैसालाई फजुल खर्च नगरी कसरी बचत गर्ने ? भन्ने शिक्षा पाएको बताइन् । उनले बचतबाटै भोलिको भविष्य राम्रो हुन्छ भन्ने बारे जानकारी पाएको भन्दैं तालिम अगाडि कमाएर पठाइहाल्छ भन्दै खर्च गर्ने परिपाटीबाट सुधार आएको बताइन् ।

हेटौंडा-३ लेवटमा सञ्चालनमा रहेको बित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाको बिहीवार हेटौंडा १६ का अध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइरालासहितको टोलीले अनुगमन गरेको छ । अनुगमन गर्दै समितिका संयोजक कोइरालाले नियमित बचतका लागि सीप आवश्यक भएको बताएका थिए ।

दैनिक आय आर्जनमा जोडिन सके काम र पैसा दुबै हुने भएकाले बचतका लागि सहज हुने बताए । उनले रोजगारको शिलशिलामा बाह्य मुलुक गएकाको भन्दा पनि आफैंले रोजगारीको अवसर श्रृजना गरेर आर्थिक उपार्जनमा जोडिन आग्रह गरे । अनुगमनमा उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, आयुर्वेद तथा जनस्वास्थ्य प्रवर्धन शाखाका प्रमुख लक्ष्मीनारायण भगत, सुरक्षित आप्रवासन कार्यक्रम संयोजक सञ्जीता थापा मगर, नगर प्रमुख सचिवालयका रुपा बिडारीलगायतले अनुगमन गरेका थिए ।

## सचेत रही ग्याँसको प्रयोग गरौ, दुर्घटनाबाट बचौ ।

☞ ग्याँसको चुल्हो बालेर भान्सा छाडी टाढा नजाऔं ।
☞ प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं ।
☞ यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं ।
☞ ग्याँस सिलिन्डर, रेगुलेटर र पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त फेरौं ।
☞ ग्याँस सिलिण्डर लिँदा सिल भए/नभएको तथा सिलिण्डरको समायवधि अनिवार्य रुपमा हेर्ने गरौं।
☞ तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरम नल्याऔं । ग्याँस गन्हाएको बेला बिजुलीको स्वीच, सलाई, लाईटरको प्रयोग नगरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## पसल बिक्रीमा

हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८०१३३२१२२**




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना